# मिति २०७५/०८/०४ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६—८

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिका को प्रशासकीय भवन निर्माणको लागि तपसिलका जग्गा दाताहरुबाट तपसिलका कित्ताबाट तपसिलको क्षेत्रफल निशुल्क रुपमा प्रदान गर्ने मन्जुरीनामा प्राप्त हुन आएकोले उक्त जग्गा सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालयको मामामा पास गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| सि नं | जग्गा धनीको नाम | कित्ता नं. | क्षेत्रफल (रो आ दा पै) |
|---|---|---|---|
| १ | आइते बोहरा | ११२४<br>११३५<br>१६५६<br>१६४६<br>१६४७ | ०-१-२-२<br>०-५-२-३<br>०-१-२-०<br>०-१-२-३<br>१-२-०-१ |
| २ | बिमला थापा | ४१८ | ०-१५-२-१ |
| ३ | सावित्रा थापा | ४२० | १-२-२-३ |
| ४ | लिला थापा | ४१९ | १-३-३-१ |

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाले खरिद गर्ने सवारी साधान, एमबुलेन्स तथा ब्याक हो लोडरको लागि २ जना हल्का सवारी चालक र १ जना हेभी सवारी (ब्याक हो लोडर) चालक करारमा नियुक्त गर्नको लागि प्रकृया अधि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय खरिद गर्ने सवारी साधान, एमबुलेन्स तथा ब्याक हो लोडरको राख्न आफ्नो जग्गा नभएको कारण उक्त मेसिनरी सामान राख्नको लागी उपयुक्त जग्गा भाडा लिने प्रकृया अगाडि बडाउने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ४**

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा कार्यालयको टेलिफोन नभएकोले वडा सचिव वा सो को जिम्मेवारी समाल्ने कर्मचारीलाई कार्यालय कामको सिलसिलामा आफ्नो ब्यक्तिगत मोबाइल फोन प्रयोग गर्नु पर्ने भएकोले निज वडा सचिव तथा सोको जिम्मेवारी समाल्ने कर्मचारी र यस गाउँ कार्यपालिकाको कार्यालयका सुचना अधिकारीलाई मंसिर महिना देखि लागु हुने मासिक रु ५०० संचार सुविधा प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ५**

गाउँपालिकाबाट संचालित विकास निर्माणका कामहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न योजना सुरु भए पस्च्यात  विचमा कम्तिमा २ पटक प्राविधिकहरुले अनिवार्यरुपमा निरिक्षण गर्नुपर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडामा रहेका कार्यालयहरु तथा यस गाउँपालिकाको कार्यालयबाट विभिन्न विभिन्न वडामा रहेका कार्यालयमा एकै दिन गइ फर्कने गरि सरकारीकामको सिलसिलामा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीलाई भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण खर्च र दैनिक भत्ता प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ७**

अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ स्विकृत गरि लागु गर्ने सर्व सम्मतिले गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

श्री शारदा यूवा कलव, ढोरचौर सल्यानलाई दशै तिहारको उपलक्ष्यमा संचालित अन्तर स्थानीय तह भलिबल प्रतियोगिताको लागी रु १५०००।-(पन्ध्र हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने सर्व सम्मतिले निर्णय गरियो।

**निर्णय नं ९**

श्री निराजन माध्यमिक विद्यालय ढोरचौर सल्यानमा कक्षा ११ मा तपसिलका विषयहरु अध्यापन गराउने अनुमति प्रदान गर्ने।

तपसिल

१) शिक्षा २) अंग्रेजी ३) नेपाली ४) स्वास्थ्य तथा शारिरिक शिक्षा ५) जनसंख्या अध्ययन ६) अर्थशास्त्र ७) गणित ८) ग्रामिण विकास ९) राजनैतिक शास्त्र १०) समाजशास्त्र ११) इतिहास १२) संस्कृति १३) भुगोल